# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७४) काठमाडौं, असोज १७ गते, २०८१ साल (संख्या ३०

## भाग ५

## नेपाल सरकार

## अर्थ मन्त्रालयको

## सूचना

नेपाल सरकारले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी बेरुजु फछ्र्यौट समिति गठन गर्ने सम्बन्धमा देहाय बमोजिमको निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

१. **बेरुजु फछ्र्यौंट समिति गठनः** सामान्य प्रक्रियाबाट फछ्र्यौट हुन नसकेका बेरुजु फटर्यौट गर्न प्रतिनिधिसभा, सार्वजनिक लेखा समितिका माननीय सदस्य श्री अच्युत प्रसाद मैनालीको अध्यक्षतामा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०७६ को दफा ४२ को उपदफा (१) बमोजिम सोही उपदफाको खण्ड (ख), (ग), (घ) र (ङ) बमोजिमका सदस्य रहने गरी बेरुजु फछ्र्यौट समिति गठन गर्ने।

२. **कार्यक्षेत्रः** सामान्य प्रक्रियाबाट फछ्र्यौट तथा सम्परीक्षण हुन नसकेका आ.व.२०६०/०६१ देखि २०६४/०६५ सम्मका बेरुजु (फछ्र्यौट, हिनामिना र असुल उपर गर्नुपर्ने ठहरिएको बेरुजु बाहेक) कुनै संवैधानिक अङ्ग तथा निकाय, मन्त्रालय, सचिवालय, आयोग विभाग, अदालत वा कार्यालय अन्तर्गतका बेरुजु सम्बन्धित संवैधानिक अङ्ग तथा निकाय, मन्त्रालय वा सचिवालयबाट सरकारी नगदी जिन्सीको हानि नोक्सानी नभएको पुष्ट्याईसहित फछ्र्यौटको निमित्त सिफारिस भई आएमा औचित्यको आधारमा त्यस्तो बेरुजु नियमित वा मिनाहा गरी लगत कट्टा गर्ने।

३. **कार्यावधिः** समितिको कार्यविधि समितिले कार्य प्रारम्भ गरेको मितिले दुई वर्ष हुने।

४. **कर्मचारी तथा बजेटः** समितिको कार्य सम्पादनको लागि आवश्यक कर्मचारी तथा बजेटको व्यवस्था अर्थ मन्त्रालयले उपलब्ध गराउने।

**आज्ञाले,**
**डा. राम प्रसाद घिमिरे**
**नेपाल सरकारको सचिव ।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।